# भानु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## फुर्सेकर तनहुँ
## गण्डकी प्रदेश नेपाल
२०७३

पत्र संख्या :- ०७७/०७८
चलानी नं :- ३६९

मिति :- २०७७/०६/१६

विषय : सिकाई सहजिकरण सम्वन्धमा ।

श्री श्री नगरपालिका स्थित सम्पुर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरु,
भानु नगरपालिका तनहुँ ।

प्रस्तुत विषयमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयवाट हालै जारी गरेको विद्यार्थी सिकाई सहजिकरण निर्देशिका २०७७, यहि मिति २०७/०६/८ गते र ०९ गते कसेको क्षेत्रगत विद्यालय प्र.अ बैठक र २०७७/०६/१५ गते बसेको नगर शिक्षा समितिको बैठकवाट विद्यार्थी सिकाई सहजिकरण सम्वन्धमा तपसिल अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

१, शिक्षकहरु नियमित रुपमा आफु कार्यरत विद्यालयमा उपस्थित भई सिकाई सहजिकरण प्रकृयामा सहभागी हुने ।

२, विद्यार्थी सिकाई सहजिकरण निर्देशिका २०७७ को दफा ३ अनुसारको वर्गिकरणमा प्राय सबै विद्यार्थीहरु "सबै किसिमको पहुँच भन्दा बाहिर रहेको विद्यार्थी समुह" मा पर्ने भएकोले यस समुहको लागि तोकीएको सिकाई सहजिकरण सञ्चालन गर्ने जस अन्तरगत

क, विद्यार्थीहरुको बसोवासको आधारमा टोल टोलमा सिकाई केन्द्र बनाउने वा विद्यालयलाईनै सिकाई केन्द्र कायम गरी सिकाई प्रकृया अगाडी बढाउने ।

ख, विद्यालयलाई सिकाई केन्द्र बनाउदा :--

- ✓ कक्षा ३ सम्म सञ्चालन भएको प्राथमिक विद्यालय भए सबै विद्यार्थीलाई एकै समयमा जम्मा गराई सहजिकरण गर्ने ।
- ✓ कक्षा ५ सम्म सञ्चालित प्राथमिक विद्यालय भए कक्षा १ र कक्षा २ लाई १ सिफ्ट र कक्षा ३, ४ र ५ लाई अर्को सिफ्टमा सञ्चालन गर्ने ।
- ✓ कक्षा ८ सम्म सञ्चालित विद्यालय भए सम्भव भए सम्म कक्षा ३ सम्मका बालबालिलाई टोलमै सिकाई केन्द्र बनाउने, कक्षा ४ र ५ लाई १ सिफ्टमा र कक्षा र ६,७ र ८ लाई एक सिफ्ट वा कक्षागत रुपमा विद्यार्थी संख्या बढी भए रो.नं.को आधारमा जोर विजोरको सिफ्ट वा विद्यालयको अवस्था अनुसार टोल टोलको सिफ्ट बनाई सहजिकरण गर्ने ।
- ✓ माध्यमिक विद्यालयहरुले प्राथमिक तहका विद्यार्थीहरुलाई सम्भव भएसम्म समुदायमै सिकाइ केन्द्र बनाई सहजिकरण गर्ने र कक्षा ६ देखिका कक्षालाई थोरै विद्यार्थी भए कक्षागत सिफ्ट र धेरै विद्यार्थी भए जोर विजोरको सिफ्ट वा विद्यालयको अवस्था अनुसार टोलटोलको सिफ्ट वनाई सहजिकरण गर्ने ।
- ✓ यसरी सहजिकरण गर्दा कक्षा कोठाको साइज, फर्निचरको साइज अनुसार सामाजिक दुरी कायम हुनेगरी र हुन सक्ने गरी विद्यार्थी संख्या रहनेगरी सिफ्टको व्यवस्थापन गर्ने ।

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुलबारी, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

(२)

पत्र संख्या :-.........
चलानी नं :-..........
मिति :-२०७७।६।१६

✓ विद्यार्थी सिकाई सहजिकरण गर्दा कक्षा कोठाको साइज अनुसार एउटा कोठामा २० देखि २५ जना भन्दा बढी विद्यार्थी नरहने गरी मात्र गर्ने र कक्षा कोठा र फर्निचरको साइज सानो हुने विद्यालयले साइज अनुसार मात्र विद्यार्थी संख्या रहनेगरी सिफ्टको व्यवस्थापन गर्ने ।

✓ बालविकास केन्द्रका बालबालिकालाई हाल बालविकास केन्द्र वा विद्यालयमा नबोलाउने र स.का हरुलाई परिचालन गरी घरघरमै सहजिकरणको व्यवस्था मिलाउने ।

३, कक्षा ३ सम्म सञ्चालित विद्यालयमा ३० जना सम्म र ५ कक्षा सम्म सञ्चालित विद्यालयमा ५० जना सम्म विद्यार्थी भई सबै विद्यार्थी एकै समुदायका भए र उक्त समुदायमा हाल कोभिड–१९ को संक्रमण नरहेको र संक्रमण देखिइहाल्ने पनि सम्भावना नभएको जस्तो लागेमा निर्देशिकाको दफा ३३ को उप दफा २ अनुसार सबै विद्यार्थीहरुलाई एकै सिफ्टमा सञ्चालन गर्ने ।

४, सम्भव भए सम्म विद्यार्थी बस्ने सिट सधैं एउटै हुने र उक्त सिटमा अर्को विद्यार्थी नबस्ने गरी व्यवस्था गर्ने ।

५, माथी उल्लेखित जुन सुकै विधि अपनाउदा विद्यालयका शिक्षक वि.व्य.स, शि.अ. संघ, अविभावक र अन्य बुद्धिजिवी समेतको राय सल्लाहामा मात्र अपनाउने र वि.व्य.स बाट कार्यक्रमको नियमित अनुगमन गर्ने ।

६, विद्यालयको गेटमा साबुन पानीको व्यवस्था गरि प्रवेश गर्दा र बाहिर निस्कंदा साबुन पानीले हात धुन लगाउने र कक्षा कोठामा स्यानिटाइजर प्रयाग गर्न लगाउने । शिक्षक तथा विद्यार्थीले मास्क अनिवार्य प्रयोग गर्ने ।

७, विद्यार्थी संख्या धेरै भई दुई सिफ्ट गराउदा पनि सबै विद्यार्थी नसमेटिने भएमा विद्यार्थीहरुलाई दिन विराएर भए पनि सिफ्टको व्यवस्थापन गर्ने ।

८, दुई सिफ्टमा सञ्चालन हुने सिकाई केन्द्र बनाउने विद्यालयहरुले १ सिफ्टमा २:३० घण्टामा नघट्ने गरी समय व्यवस्थापन गर्ने ।

९, ठुला कक्षाका विद्यार्थी भए करिब ४० मिनेट र साना कक्षाका विद्यार्थी भए करिब ३० मिनेटको पैदल दुरी सम्म भए विद्यार्थीहरुलाई यातायातको साधन प्रयोग नगरी हिडेर आउन प्रोत्साहित गर्ने ।

१०, सवारी साधन प्रयोग गरी रहेका विद्यालयहरुले भरसक सवारी साधन प्रयोग नगर्ने र गर्नै पर्ने भए एक लहरमा १ जना मात्र विद्यार्थी राखी (सिट क्षमताको ५०% मात्र) सञ्चालन गर्ने र विद्यालयको ढोकामै स्यानिटाइजर र मास्कको प्रबन्ध गर्ने ।

११, सिकाई सहजिकरण प्रकृया सुरु गरेका संस्थागत विद्यालयहरुले आश्विन महिना देखि लागु हुने गरी गत बर्षको कुनै पनि शिर्षकगत शुल्कमा नबढ्ने गरी लिने ।

# भानु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## फुर्सेटार, तनहुँ
## गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या :-..........
चलानी नं :-...........

मिति :- २०७७।३।१६...........

१२, उल्लेखित सबै कार्यहरुमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्धारण गरेको कोभिड -१९ संग सम्बन्धित स्वास्थ्य सुरक्षाको मापदण्डलाई कडाईका साथ पालना गर्ने ।

१३, कोरोना भईरस संक्रमणको कारण लामो समय सम्म विद्यालयको पठनपाठन हुन नसकेको कारण अव देखि निरन्तर सिकाई सहजिकरण प्रकृया चलिरहने अवस्था आएमा विद्यालयमा हुने यस बर्षको दशै बिदा १० दिन मात्र गर्ने र सम्भव भए सम्म अन्य सार्बजनिक बिदालाई पनि कम गरी सिकाईलाई निरन्तरता दिने ।

१४, माथी उल्लेखित किसिमले सिकाई केन्द्र सञ्चालन भइरहदा कुनै टोल समुदायमा संक्रमण फैलिएमा वा फैलिने सम्भावन देखिएमा तत्काल सिकाई केन्द्र स्थगित गरी सम्भव भएका अन्य प्रकृया सञ्चालन गर्ने ।

१५, सबै विद्यालयहरुलाई हालै शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको "विद्यालय शिक्षा सम्बन्धि आकस्मिक कार्य योजना २०७७" राम्रो संग अध्ययन गर्न लगाई सो अनुसार कार्यन्वयन गर्ने गराउने ।

१६, रेडियो, एफ.एम रेडियो, टेलिभिजन, कम्प्यूटर इन्टरनेटको पहुँचमा भएका विद्यार्थीहरुलाई रेडियोबाट प्रसारित, टेलिभिजनबाट प्रसारण पाठमा सहभागी हुनलाई समय तालिकाको जानकारी गराई उत्प्रेरित गरिरहन लगाउने र इन्टरनेट सहित कम्प्यूटरको पहुँच भएका बिद्यार्थीहरुलाई online मार्फत शिक्षण गर्न प्रयास गर्ने, गरिरहेका विद्यालयको लागि निरन्तरता दिन लगाउन र online सिकाई सामाग्रीहरुको Website पोर्टल लगाएतका Online सामाग्रीको जानकारी गराई सिकाईलाई अघि बढाउन उत्प्रेरित गरिरहन लगाउने ।

१७, शैक्षिक सत्रका आधा समय वितिसकेकाको सन्दर्भमा चैत्र सम्ममा सबै सिकाई सक्नेगरी पाठ्यक्रम विकास केन्द्रबाट समायोजित पाठ्यक्रमलाई अध्ययन गरी सो अनुसार सिकाईको मासिक योजना गराई सिकाई सहजिकरण गर्ने ।

१८, बिद्यार्थी सिकाई सहजिकरणको पाक्षिक प्रगति विवरण नगरपालिका शिक्षा शाखामा बुझाउने ।

१९, उपरोक्त अनुसार हुने गरी सिकाई सहजिकरण भएनभएको सम्बन्धमा नियमित अनुगमन गर्न सम्बन्धित वडा कार्यालयलाई अनुरोध गर्ने ।

२०७७।३।१६

...ल्ली रमण ...
उप-सचिव

बोधार्थः

श्री १३ वटै वडा कार्यालयहरु : माथि उल्लेख गरेअनुसार सिकाई सहजिकरणकमा सम... र भएनभएको नियमित अनुगमन गर्नु हुन ।

शिक्षा शाखा